सिद्धलेक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बुङ्चुङ, धादिङ

बागमती प्रदेश, नेपाल

आ.व.: २०७८।०७९

च.नं. :

## स्थानीय सडक पूर्वाधार सेवा शुल्क संकलन सम्बन्धी शिलबन्दी दरभाउ पत्र आव्हानको संशोधित सूचना

तेस्रो पटक प्रकाशित मिति : २०७८।०५।२५

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (घ)(२) र यस सिद्धलेक गाउँ कार्यपालिकाको मिति २०७८।०५।१५ गतेको निर्णय अनुसार,सिद्धलेक गाउँपालिकाको चालु आ.व २०७८।०७९ को बाँकी अवधिको लागि गाउँपालिका क्षेत्र भित्र तपसिलका स्थानीय ग्रामीण सडकहरुबाट **स्थानीय सडक पूर्वाधार सेवा शुल्क** संकलन ठेक्का माध्यमबाट गर्नुपर्ने भएकोले निम्न शर्तहरुको अधीनमा रही निम्नानुसारको कूल अंकमा नघट्ने गरी बढाबढको माध्यमबाट रीतपूर्वक शिलबन्दी दरभाउपत्र आह्वान गरिएको हुँदा इच्छुक फर्म वा कम्पनीबाट फर्म नवीकरण प्रमाण पत्र, आ.व. २०७७।०७७ करचुक्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि करदर्ता प्रमाण पत्र, कारवाही वा कालोसूचीमा नपरेको स्वघोषण प्रमाण पत्रहरुको प्रतिलिपि संलग्न गरी सिलबन्दी दरभाउ पत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागी यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

आ.व.२०७८।७९ को बाँकी अवधिको लागि स्थानीय सडक पूर्वाधार सेवा शुल्क ठेक्का सम्बन्धमा

| क.स | आय ठेक्का न | क्लष्टर | | सडकको नाम | ठेगाना | संशोधित न्यूनतम अंक मु.अ.कर बाहेक |
|---|---|---|---|---|---|---|
| १ | ०२।२०७८।०७९ | नलाङ क्लष्टर | क | वैरनी-कालीदह-पिपलनलाङ-ठाँटी-कमलावारी सडक | सिद्धलेक १,२ र ३ | ४,४०,०००। |
| | | | ख | वेलटार-ठाँटीभञ्ज्याङ सडक | सिद्धलेक २ | |
| | | | ग | डुम्रेखोला-छापागाउँ-गहते सडक | सिद्धलेक १ | |
| | | | घ | वुङचुङ-तारनलाङ-ठाँटीभञ्ज्याङ सडक | सिद्धलेक १ र २ | |
| | | सलाङ क्लष्टर | क | वुङचुङ-आरुवास-भेडावारी-मैदान सडक | सिद्धलेक ४ | १,६०,०००। |
| | | | ख | फिस्टार-चापटी-गौंथले-आरुवास सडक | सिद्धलेक ४ र ६ | |

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScan

सिद्धलेक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बुड्चुङ, धादिङ

बागमती प्रदेश, नेपाल

आ.व.: २०७८।०७९,

च.नं. :

**स्थानीय सडक पूर्वाधार सेवा शुल्क संकलन सम्वन्धी शर्तहरु**

१ दरभाउपत्र फाराम यो सूचना प्रकासित भएको मितिले १५ औ दिन कार्यालय समय भित्र यस कार्यालयको कुमारी बैंक लिमिटेड बुड्चुङ शाखामा रहेको आन्तरिक राजश्व खाता नं ०८१००३५१२३१००००५ मा फारम दस्तुर वापत रु १०००। (फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल बैंक भौचर सलग्न राखि वा यस कार्यालको राजश्व शाखामा नगदै दाखिला गरी दरभाउपत्र खरिद गर्नुपर्ने छ ।

२. १६ औ दिनको १२:०० वजे भित्र उ दखल्लेखित कुल अंकमा नघट्ने गरि शिलवन्दी सहित दरभाउपत्र पेश गरिसक्नुपर्ने छ । सोहि दिनको २:०० वजे दरभाउपत्र दाता वा निजको प्रतिनिधीको उपस्थितीमा गाउँपालिकाको कार्यालयमा शिलवन्दी दरभाउपत्रहरु खोलिने छ । दरभाउपत्रदाता वा प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन । रितपूर्वक नभएको दरभाउपत्रहरुको मूल्यांकन गरिने छैन ।

३ दरभाउपत्र पेश गर्दा दरभाउपत्रसाथ धरौटी वापतको रकम कवुल गरेको कूल अंकको ५% ले हुन आउने रकम यस कार्यालयको कुमारी बैंक लिमिटेड बुड्चुङ शाखामा रहेको धरौटी खाता नं. ०८१००३५१२४६००००१ धरौटी खातामा जम्मा गरी सक्कल भौचर शिलवन्दी दरभाउपत्र संलग्न हुनुपर्ने छ ।

४. प्रचलित कानून वमोजिम लाग्ने कर, मु.अ.कर तथा शुल्कहरु ठेक्का लिने व्यक्ति वा संस्था स्वयंले तिर्नुपर्ने छ ।

५. तोकिएको दररेट भन्दा वढी दरमा कर उठाउन पाईने छैन ।

६. स्थानीय सडक पूर्वाधार सेवा शुल्क सरकारी, एम्वुलेन्स, विद्यालय, कुटनीतिक नियोग र संस्थानका सवारी साधनहरुवाट शुल्कउठाउन पाईने छैन ।

७. कुल कवोल अकलाई २ किस्ता कायम गरिने छ । पहिलो किस्ता वापत कूल कवोल अंकको ५०% रकम र थप बाकी ५०% को बैंक जमानत सम्झौता हुनुअगावै पेश गर्नुपर्नेछ । बैंक जमानत पेश गर्न नसके पुरै कवोल अंक अग्रीम दाखीला गरी सम्झौता गर्न सकिनेछ ।

८. प्रथम किस्ता वापतको रकम यस कार्यालयको आन्तरिक राजश्व खाता नं ०८१००३५१२३१००००५ मा दाखिला गरेको सक्कल बैंक भौचर पेश भएपछि सम्झौता गरिने छ । ठेक्का सदर भएको व्यक्तिले तोकेको समयभित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत हुने छ ।

९. दरभाउपत्र स्वीकृत भई सम्झौता भए पश्चात कुनै किसिमको छुट,मिनाहा,माफी दिईने छैन । शर्तमा उल्लेख नभएका अन्यकुराहरु नियमानुसार हुनेछ ।

१०.दरभाउपत्र वढावढको माध्यम भएकोले सबै भन्दा वढी कवोल गरेको दरभाउपत्र स्वीकार हुनेछ ।

११.उठाउन पाउने कर तथा शुल्कको दर शिलवन्दी दरभाउपत्र फाराममा उल्लेख भएको हुनेछ । यस सम्वन्धी थप बुझ्नुपर्ने भएमा सिधै गाउँपालिकाको कार्यालयमा सम्पर्क गरी वा गाउँपालिकाको website: www.siddhalekmun.gov.np मा पनि हेर्न सकिन्छ ।

नन्दप्रसाद
प्रमुख प्रशासकीय अधिकृत
२०७८।१४।१४

आर्थिक सम्वृद्धि विकासको लागि पूर्वाधार" - सिद्धलेक गाउँपालिकाको मूल आधार"

Scanned with CamScanner